# जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

कोटेश्वर काठमाण्डौ
(नेपाल सरकारको स्वामित्व भएको)
फोन न. ०१-४९९२१४९, ०१-४९९२१५२

## सूचना

यस कम्पनीबाट आ.व. २०८२/८३ मा उत्पादन हुने लोकप्रिय सन्चो ५ मि.लि. लगायत अन्य हर्बल केयरहरु (सन्चो १० मि. लि., सन्चो बाम, सन्चो सिलाजित, हिमालयन मसाज आयल र सन्चो जटा केश तेल) देशभर प्रभावकारी रुपले बिक्री बितरण गर्नका लागी एकल स्टकिष्टको आवश्यक्ता परेको हुदाँ देहायका शर्तहरू पुरा गर्न सक्ने ईच्छुक व्यापारिक फर्म, कम्पनीबाट सात (७ ) दिन भित्र कम्पनीको केन्द्रीय कार्यालय कोटेश्वर काठमाण्डौमा कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव पेश गर्न हुन सूचना प्रकाशित गरिएको छ।

## शर्तहरू

१. कम्पनीको सन्चो ५ मि.लि. र कम्पनीका अन्य हर्बल केयरहरु (सन्चो १० मि.लि., सन्चो बाम, सन्चो सिलाजित, हिमालयन मसाज आयल र सन्चो जटा केश तेल) समेतको लागी बिक्री वितरण गर्न देशभर बिक्री सञ्जाल भएको हुनुपर्ने छ।

२. सिलबन्दी प्रस्ताव पेश गर्ने व्यापारिक फर्म, कम्पनीले यस कम्पनीमा स्टक रहेको सन्चो मध्ये ९ लाख थानको हुन आउने जम्मा रकम रू. ३ करोड १५ लाखमा नघट्ने गरी एकमुष्ट खरिद गर्ने प्रस्ताव पेश गर्नुपर्ने छ। यसरी खरिद प्रस्ताव पेश गर्ने मध्ये अधिकतम एकमुष्ट खरिदको प्रस्ताव गर्ने व्यापारिक फर्म, कम्पनी लाई स्टकिष्टको रुपमा छनौट गरिने छ।

३. स्टकिष्टको रुपमा छनौट हुने व्यापारिक फर्म, कम्पनीले सम्झौता गर्दाको बखत प्रस्ताव गरेको रकम एकमुष्ट कम्पनीको बैंक खातामा जम्मा गर्नुपर्ने छ।

४. यस आर्थिक वर्षमा कुल जम्मा सन्चो ५ मि.लि. ५५ लाख थान र अन्य हर्बल केयरहरु जम्मा ६० हजार थान वार्षिक लक्ष्य अनुरुप खरिद गर्नु पर्ने छ।कम्पनीले यस आर्थिक वर्षमा निर्धारण गरेको वार्षिक तथा मासिक लक्ष्य हासिल गरेमा प्रोत्साहन स्वरुप बोनस उपलब्ध गराउन सक्ने छ।

मासिक लक्ष्य तथा बोनस सम्बन्धमा देहाय बमोजिम हुने छ :-

मासिक लक्ष्य विवरण (सन्चो ५ मि.लि.)

| Month | Target (Cartoon) | Quantity (Piece) | Amount (Rs) Including VAT |
|---|---|---|---|
| Initial Purchase (Minimum) | 3,750 | 900,000 | 31,500,000 |
| Shrawan | 100 | 24,000 | 840,000 |
| Bhadra | 200 | 48,000 | 1,680,000 |
| Asoj | 500 | 120,000 | 4,200,000 |
| Kartik | 1,900 | 456,000 | 15,960,000 |
| Mansir | 2,467 | 592,001 | 20,720,028 |
| Paush | 3,000 | 720,000 | 25,200,000 |
| Magh | 3,000 | 720,000 | 25,200,000 |
| Falgun | 2,000 | 480,000 | 16,800,000 |
| Chaitra | 1,500 | 360,000 | 12,600,000 |
| Baishakh | 1,500 | 360,000 | 12,600,000 |
| Jeth | 1,500 | 360,000 | 12,600,000 |
| Asar | 1,500 | 360,000 | 12,600,000 |
| **Grand Total** | **22,917** | **5,500,001** | **192,500,028** |

- स्टकिष्ट लिने प्रस्तावको बखत खरिद गरिने सन्चो ५ मि. लि को खरिद प्रस्ताव पेश गर्दा ९ लाख थान भन्दा बढी जुनसुकै परिमाणमा खरिद गरे पनि खरिद गरेको परिमाण वार्षिक लक्ष्यमा समायोजन गरीने छ।

बोनस सम्बन्धि विवरण

- स्टकिष्ट लिने प्रस्तावको बखत खरिद गरिने सन्चो ५ मि. लि. मा कुनै बोनस दिईने छैन।
- समायोजन पछि हुन आउने मासिक लक्ष्यको शत प्रतिशत खरिद गरेमा मासिक कुल खरिद परिमाणको २.५ प्रतिशत (%) ले हुन आउने बराबरको थप सन्चो ५ मि. लि. बोनसको रुपमा प्रदान गरिने छ। प्रत्येक महिनामा बोनस प्राप्त गर्न अघिल्लो महिना सम्मको जम्मा लक्ष्यको ८० प्रतिशत खरिद गरेको हुनुपर्ने छ।
- अन्य हर्बल केयर, मासिक लक्ष्य र बोनस व्यवस्थाको हकमा कम्पनीले निर्णय गरे बमोजिम हुने छ।

५. यस आर्थिक वर्षको अन्त्य सम्ममा जम्मा लक्ष्यको कम्तिमा ८० प्रतिशत खरिद गरेमा उक्त बिक्री सम्झौता अगामी आर्थिक वर्षका लागी कम्पनीले नविकरण गर्न सक्ने छ।

५. स्टकिष्टको लागी निवेदन दिँदा देहाय बमोजिम कागजात संलग्न गर्नुपर्ने छ।

- निवेदन
- कम्पनी दर्ता प्रमाण-पत्र
- स्थायी लेखा नम्बर
- २०८०/८१ को कर चुक्ता प्रमाण-पत्र

६. स्टकिष्ट दिने नदिने सम्पुर्ण अधिकार कम्पनीमा रहने छ।